# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं असोज २३ गते, २०६२ साल (अतिरिक्ताङ्क ४०

भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

२०६२ सालको अध्यादेश नं. ३५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सञ्चार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: सञ्चार सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. रेडियो ऐन, २०१४ मा संशोधनः रेडियो ऐन, २०१४ को दफा ३ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो व्यक्ति मार्फत दूरसञ्चार सेवा उपयोग गर्ने ग्राहकले वा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम स्याटेलाइट, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न, फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा सूचनामूलक कार्यक्रम प्रसारण गर्न वा भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न इजाजतपत्र वा स्वीकृति प्राप्त व्यक्ति वा संगठित संस्था वा त्यस्तो व्यक्ति वा संस्था मार्फत सो प्रसारण उपभोग गर्ने ग्राहकले दूरसञ्चार वा प्रसारण सम्बन्धी रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्नको लागि यस ऐन बमोजिम लाइसेन्स लिनु पर्ने छैन ।"

३. राष्ट्रिय समाचार समिति ऐन, २०१९ मा संशोधनः राष्ट्रिय समाचार समिति ऐन, २०१९ को,-

(१) दफा ३० को उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) कसैले दफा ३२ विपरीत समाचार संकलन वा बिक्री वितरण गरेमा निजलाई पचास हजार रुपैंयादेखि पाँच लाख रुपैयासम्म जरिवाना हुनेछ ।"

(२) दफा ३२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमका समाचार समितिहरुले श्री ५ को सरकारको स्वीकृति लिई नेपाल अधिराज्यभित्र आफ्नो समाचार बिक्री वितरण गर्न सक्ने छन् ।

तर समितिलाई समाचार बिक्री वितरण गर्दा श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने छैन ।"

४. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधनः छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा १४ को,-

(क) खण्ड (क) मा रहेका "श्री ५ को" भन्ने शब्दहरुको सट्टा "श्री ५ वा राजपरिवारका सदस्यको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) प्रचलित कानून बमोजिम अपराध मानिने काम गर्न दुरुत्साहन दिने,"

(२) दफा १६ को उपदफा (१) को,-

(क) शुरुमा "दफा १४ वा १५ बमोजिम प्रकाशन गर्न प्रतिबन्ध वा निषेध गरिएका कुरा, समाचार, सूचना वा अन्य पाठ्यसामग्री भएको वा" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) आतंककारी, आतंकवाद वा विध्वंसात्मक गतिविधिलाई मद्दत, टेवा वा प्रोत्साहन पुऱ्याउने,"

(ग) खण्ड (ख) र (ङ) झिकिएका छन् ।

(३) दफा २७ मा रहेका "दश हजार रुपैंयासम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँदेखि एकलाख रुपैंयासम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २८ को ठाउँ ठाउँमा रहेका "पाँच हजार रुपैंयासम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना " भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २९ मा रहेका "पाँच हजार रुपैंयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैंयाँदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ३० मा रहेका "पाँच हजार रुपैंयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैंयाँदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना"भन्ने शब्दहरु राखिएका छन् ।

५. प्रेस काउन्सिल ऐन, २०४८ मा संशोधन: प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ को उपदफा (२) को खण्ड (घ) मा रहेका "पूरै रोक लगाउन" भन्ने शब्दहरु पछि "वा निजले पाएको प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न" भन्ने शब्दहरु थपिएका छन् ।

६. राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन: राष्ट्रिय प्रसारण ऐन, २०४९ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "वा टेलिभिजन" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ५ मा रहेका "समाचारमूलक कार्यक्रम" भन्ने शब्दहरुको सट्टा "सूचनामूलक कार्यक्रम" भन्ने शब्दहरु राखी सो दफामा देहायको स्पष्टीकरण थपिएको छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९०४६

"स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सूचनामूलक कार्यक्रम" भन्नाले स्वास्थ्य, शिक्षा, खेलकूद, जनसंख्या, वातावरण, मौसम वा सडक यातायात जस्ता विकास निर्माण सम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई जनाउँनेछ।"

(३) दफा ६ पछि देहायको दफा ६क. थपिएकोछ :-

"६क. इजाजतपत्र वा प्रमाणपत्र नदिइने: (१) प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्ति वा संगठित संस्थालाई एकै पटक वा पटक पटक गरी रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईभन्दा बढीको इजाजतपत्र वा प्रमाणपत्र दिइने छैन।

(२) प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि कुनै व्यक्ति वा संगठित संस्थाले रेडियो, टेलिभिजन र प्रकाशनको इजाजतपत्र वा प्रमाणपत्र पाएको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट गरी बाँकीको हकमा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले रेडियो, टेलिभिजन वा प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट नगरेमा वा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था नगरेमा श्री ५ को सरकारले निजले रेडियो वा टेलिभिजन प्रसारण गर्न पाएको इजाजतपत्र रद्द गर्नेछ।"

(४) दफा ९ को उपदफा (१) मा रहेका "संगठित संस्था वा संयुक्त लगानीमा स्वेदशी र विदेशी व्यक्ति वा" भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा ११ पछि देहायको दफा ११क. थपिएको छ :-

"११क. स्वीकृति नलिई अन्य ठाउँबाट कार्यक्रम प्रसारण गर्न नहुने: कुनै पनि प्रसारण संस्थाले श्री ५ को सरकारको स्वीकृति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नलिई एक ठाउँबाट प्रसारण भैरहेको कार्यक्रम एकैपटक अन्य ठाउँबाट प्रसारण गर्न पाउने छैन ।"

(६) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. प्रसारण गर्न नपाउने: कसैले पनि देहायका सामग्री प्रसारण गर्न पाउने छैनः-

(क) राजनैतिक दलहरुलाई प्रतिकूल असर पर्ने विषयका कुराहरु,

(ख) अश्लिल किसिमका सामग्री,

(ग) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने सामग्री,

(ङ) कुनै पनि जात-जाति, भाषा, धर्म वा संस्कृतिलाई अपव्याख्या, अपहेलना, अपमानित वा अवमूल्यन गर्ने सामग्री,

(च) कुनै खास क्षेत्रमा बसोबास गरेको आधारमा कुनै पनि जातिलाई भेदभाव, अपहेलना, अपमानित वा अवमूल्यन हुने सामग्री,

(छ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीत हुने सामग्री,

(ज) प्रचलित कानून बमोजिम प्रकाशन गर्न प्रतिबन्ध वा निषेध गरिएका कुरा वा सामग्री ।"

(७) दफा १७ को उपदफा (२) मा रहेका "दश हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

७. गाली र बेइज्जती ऐन, २०१६ मा संशोधन: गाली र बेइज्जती ऐन, २०१६ को,-

(१) दफा ३ मा रहेका "प्रकाशित गरेमा" भन्ने शब्दहरुको सट्टा "प्रसारण वा प्रकाशन गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा प्रसारण वा प्रकाशन गरेमा दण्ड सजाय: (१) कसैले अरु कसैको बेइज्जती गरेमा निजलाई पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

9085

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अरु कसैको बेइज्जती हुन जान्छ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई कुनै कुरा विद्युतीय वा अन्य आम सञ्चारको माध्यमबाट प्रसारण वा प्रकाशन गरेमा निजलाई दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।"

(३) दफा ६ को ठाउँ ठाउँमा रहेका "छापिएको वा खोदिएको" भन्ने शब्दहरुको सट्टा "प्रकाशन वा प्रसारण गरिएको" भन्ने शब्दहरु र "एक सय रुपैयाँसम्म जरिवाना " भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ७ मा रहेका "एकसय रुपैयाँदेखि पाँचसय रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ८ मा रहेका "एकसय रुपैयाँदेखि पाँचसय रुपैयाँसम्म जरिवाना " भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना " भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १० मा रहेका "पाँचसयदेखि पाँचहजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु र "एकसयदेखि एक हजार रुपैयाँसम्म जरिवाना " भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

लालमोहर सदर मिति २०६२।६।२३।१

आज्ञाले,

डा. कुलरत्न भुर्तेल

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित